नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

वर्ष ८,अंक ७, कात्तिक



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन



**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ॥

मासिक ई-बुलेटिन

# विषय सूची

| शीर्षक | पृष्ठ |
| --- | --- |
| विभागीय गतिविधि | १ - २ |
| अपराध तथ्याङ्क | ३ - ११ |
| प्रहरी सेवा प्रवाह | १२- १५ |
| खोजतलास तथा समन्वय | १६ |
| अपराध अनुसन्धानमा सहायतता प्रदान | १७ - १९ |
| अपराध समाचार | २० - २३ |
| उत्कृष्ट अनुसन्धान | २४ |
| सम्पादक मण्डल | २५ |

# विभागीय गतिविधिहरु

## प्रहरी नायव महानिरीक्षकज्यूको विदाई कार्यक्रम सम्पन्न



***काठमाडौं, १२ कार्तिक***

नेपाल प्रहरीबाट अनिवार्य अवकाश हुनु भएका प्रहरी नायव महानिरीक्षक सन्जिव शर्मा दासज्यूको विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यू सहित प्रहरी नायव महानिरीक्षकज्यूहरु बाट मांयाको चिनो सहित विधाई कार्यक्रम सम्पन्न भयो । बिदाई भई जान लाग्नु भएका प्रहरी नायव महानिरीक्षकज्यूले आफ्नो तर्फबाट मन्तव्य व्यक्त गर्नु भयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायव उपरीक्षकज्यूहरु, प्रहरी निरीक्षकज्यूहरु लगायत अन्य प्रहरी कर्मचारीहरुको उपस्थीति रहेको थियो ।

## Mission खटि जान लाग्नु भएका प्रहरी अधिकृतज्यूको विदाई सम्पन्न



***काठमाडौं, १६ कार्तिक***

संयुक्त राष्ट्र संघिय शान्ति Mission United Nations Transitional Assistance Mission in Somalia (UNTMIS) स्थित 4th November 2025 मा खटि जान लाग्नु भएका प्रहरी निरीक्षक प्रशान्त श्रेष्ठज्यूको विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूद्वारा बिदाई तथा शुभकामना कार्यक्रम सम्पन्न भयो । उक्त बिदाई कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु र प्रहरी निरीक्षकज्यूहरुको उपस्थिति रहेको थियो ।

## Interpol Raid Notice जारी भएका फरार प्रतिवादी पक्राउ




***काठमाडौं, २१ कार्तिक***

ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी पर्वत साविक बेउलीबास गाविस-३ ठेगाना भएका रेशम बहादुर राना पक्राउ परेका छन् । एनसिबि अबुधाबी युएईको समन्वयमा युएईबाट पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ शुक्रबार नेपाल फिर्ता ल्याइएको छ । रेशम बहादुर राना समेत भएको कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत पर्वतको २०६९ माघ १५ गतेको फैसलाले जन्म कैद (२० वर्ष) सजाय ठहर भई वारदात पश्चात फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८१ जेठ १९ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो । उनलाई सम्बन्धित कसूर बमोजिम कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटि आएका प्रहरीलाई बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, २१ कार्तिक***

अपराध अनुसन्धान विभागबाट सरुवा भई नेपाल प्रहरी शिक्षालय, भरतपुर , चितवन जान लाग्नु भएका प्रहरी वरिष्ठ उपरीक्षक तारा देवी थापाज्यूलाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूले मांयाको चिनो सहित विदाई गर्नु भयो । त्यसैगरि अपराध अनुसन्धान विभागमा सरुवा भई आउनु भएका प्रहरी उपरीक्षक गजुसिद्दि बज्राचार्यज्यू लाई बिभागीय प्रमुखज्यूले स्वागत गर्नु भयो । उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु, प्रहरी निरीक्षकज्यूहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

## नेपाल प्रहरी केनाईन कार्यालय महाराजगंजमा कुकुर पूजा सम्पन्न



*काठमाडौं, ३ कात्तिक*

यमपञ्चकको दोस्रो दिन अर्थात कुकुर तिहारका अवसरमा नेपाल प्रहरी केनाईन कार्यालय महाराजगंजमा आयोजित कार्यक्रमबीच कुकुर पूजा सम्पन्न भएको छ । कार्यक्रममा नेपाल प्रहरी केनाईन कार्यालयका प्रमुख प्राविधिक प्रहरी उपरीक्षक डा. राम चन्द्र सत्यालले सोही कार्यालयको प्रांगणमा रहेको प्रहरी कुकुरको प्रतिमामा माल्यार्पण गर्नुका साथै कार्यालयमा रहेका विभिन्न जातका कुकुरहरूलाई पूजा गर्नुभयो । यस वर्षको सर्वोत्कृष्ट प्रहरी कुकुर 'घुङ्ग्रु' तथा उत्कृष्ट अपराध अनुसन्धान र आज भएको दौड प्रतियोगितामा प्रथम हुन सफल प्रहरी कुकुर 'टाइगर' लाई पुरस्कृत समेत गर्नुभयो । साथै यस वर्ष उत्कृष्ट कार्य गर्ने सोही कार्यालयमा कार्यरत प्रहरी कर्मचारीहरूलाई समेत उहाँले पुरस्कार प्रदान गर्नुभयो । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी उपरीक्षक सत्यालले अपराध अनुसन्धान तथा सुरक्षा कार्यमा नेपाल प्रहरीको केनाईन सेवाले खेलेको महत्वपूर्ण भूमिकाको चर्चा गर्दै आगामी दिनमा केनाईन सेवालाई थप प्रभावकारी बनाउन व्यावसायिक जनशक्ति तथा भौतिक स्रोत साधनयुक्त बनाउँदै लैजानुपर्ने बताउनु भयो । कार्यक्रममा उक्त कार्यालयका प्रहरी कर्मचारीहरू र प्रहरी कुकुरहरुले पुष्प वर्षा, आज्ञापालन, बाधापार र दौड प्रतियोगिता लगायतका विभिन्न मनोरञ्जनात्मक प्रदर्शनीहरू गरेका थिए । प्राविधिक प्रहरी नायव उपरीक्षक डा. चेत नारायण ज्ञवालीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा प्राविधिक प्रहरी निरीक्षक कृष्ण बहादुर बस्नेतले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो । नेपाल प्रहरीको अनुसन्धान प्रक्रियालाई तथ्यपरक र प्रमाणमूखी बनाउने उद्देश्यकासाथ विगत लामो समयदेखि अपराध अनुसन्धान तथा खोज कार्यमा तालिम प्राप्त कुकुरहरुको प्रयोग हुँदै आएको छ । कार्यक्रममा प्रहरी अधिकृत तथा जवानहरू लगायत संचारकर्मीहरू तथा आमन्त्रित अतिथिहरूको उपस्थिति रहेको थियो ।

## Trainer's Training on Gender Responsive Investigation and Communication Skill Training सम्पन्न





***काठमाडौं, २८ कात्तिक***

नेपाल सरकार र एसियाली विकास बैंक (ADB) को साझेदारीमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौंद्धारा सञ्चालित Strengthening System to Protect and Uplift Women Project ( SSPUWP 2022- 2026 ) महिला समुत्थान परियोजना कार्यन्वयन सम्बन्धमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार काठमाडौंको पत्रसाथ नेपाल प्रहरीसँग सम्बन्धित आ.व.२०८२/०८३ को वार्षिक कार्यान्वयन कार्ययोजना-२०८२ अन्तर्गत नेपाल प्रहरीका प्रहरी नायव उपरीक्षक ५ र प्रहरी निरीक्षक २० गरि जम्मा २५ (पच्चीस) जना प्रहरी अधिकृतहारुलाई १० (दस) कार्यदिन अवधिको Trainer's Training on Gender Responsive and Communication Skills विषयक अनुशिक्षण तालीम सम्पन्न भयो । उक्त तालीमको को समापन अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूद्धारा समापन भयो ।

# अपराध तथ्याङ्क


## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फछ्र्यौट संख्या (आ.व. ०७७/०७८ देखि आ.व. ०८१/०८२)




## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (भदौ - कात्तिक)




## उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा शीर्षकगत दर्ता संख्या ( भदौ- कात्तिक )





## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क बाकी




## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क





## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या



## गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या बाकी





## सम्पत्ती शुद्दीकरणको उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता सख्या



मासिक ई-बुलेटिन


## २०८२ साल कात्तिक महिनामा घरेलु हिंसा सम्बन्धी विवरण





## २०८२ साल कात्तिक महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १३ | ८ वर्ष ६ महिना १८ दिन | ८६५९५०० |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ४४ | ४४ वर्ष ९ महिना १६ दिन | ७२४१५३३ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | २१८ | ४६ वर्ष ९ महिना १० दिन | १७२७६१९ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ४७ | २६ वर्ष ६ महिना २३ दिन | १८८२२३२२ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ७४ | ११५ वर्ष १महिना २४ दिन | ४४४६१५७ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १४६ | ५४ वर्ष २ महिना २८ दिन | ५०३३६२८ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ३४ | १७ वर्ष १० महिना १३दिन | २१३६८३ |
| ८. | सदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ७७ | ११ वर्ष ० महिना २१ दिन | २३७२०४५ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट | ४ | २ वर्ष ४ महिना १० दिन | २११५४९५५ |
| **जम्मा** | | **६५७ जना** | **३२७ वर्ष ४ महिना १३ दिन** | **रु. ६,९६,७१,४४२ ।-** |


## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक  मुद्दा दर्ता संख्या




## अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क




## साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८२ साल कात्तिक महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८२ साल कार्तिक महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | दर्ता | बितरण |
| | | ९११३६ | ६९९८२ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानिय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | ७ | ५ |
| ३. | अध्यागमन विभाग | २२१ | २०० |
| ४. | नागरिक उड्डयान प्राधिकरण | १२९४ | ५२७ |
| ५. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ८५ | ५५ |
| ६. | औंठाछाप प्रमाणिकरण | ५० | ५० |
| ७. | कारागार | ३२ | २० |
| | अन्य | नभएको | नभएको |
| **जम्मा** | | **९२८२५** | **७०८३९** |

## सामुदायिक प्रहरी गतिविधि


२०८२ साल कार्तिक महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)




# आसरा सुधार केन्द्र रानीबारी

## २०८२ साल कार्तिक महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८२ साल कार्तिक महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ साल कार्तिक महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## २०८२ साल कात्तिक महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण

| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १६ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | २४ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ६ जना |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | ३१,८८१ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | १ जना |


मासिक ई-बुलेटिन

# खोजतलास तथा समन्वय

## २०८२ साल कात्तिक महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको




## २०८२ साल कात्तिक महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८२ सालको कात्तिक महिनामा बिभिन्न **१८** वटा मुद्दा शीर्षक (सम्पति सुद्धिकरण, आपराधिक उपद्रव, चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन , बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी,  वेवारीसे लास, भबितव्य ज्यान) अन्तर्गत **५७** वटा मुद्दाको **२४२** वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- कात्तिक महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/०७/०१ गतेदेखि २०८२/०७/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **४३३** केशहरुको **२४१४** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **३५०** केशहरुको **२३१६** नमूनाहरु परीक्षण गरिएको ।
- मिति २०८२/०७/०१ गते देखि २०८२/०७/३० गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **१९१५** DATA Entry भएको ।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८२/०७/०१ गतेदेखि २०८२/०७/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१५३** केशहरुको **६१२** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डिङ केशहरु समेत गरी **९८** केशहरुको **४३२** नमूनाहरु परीक्षण गरिएको ।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/०७/०१ गतेदेखि २०८२/०७/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ८४ केशहरुको **२४०** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डिङ केशहरु समेत गरी **१०५** केशहरुको **३१२** नमूनाहरु परीक्षण गरिएको ।
- नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग त्रिपुरेश्वर काठमाण्डौमा यस प्रयोगशाला अन्तर्गत फोरेन्सिक इकाईबाट मिति २०८२/०७/०१ गतेदेखि २०८२/०७/३०गतेसम्म डकुमेन्ट भेरिफाई नागरिक्ता-०२, औंठाछाप -२०, हस्ताक्षर-०६ र फोटो- १० प्राप्त भई प्रमाणिकरण गरिएको ।
- विभिन्न प्रशिक्षण केन्द्रहरुबाट मिति २०८२/०७/०१ गतेदेखि २०८२/०७/३० गतेसम्म यस प्रयोगशालाका ३ जना विशेषज्ञहरुद्वारा प्रशिक्षण प्रदान गरिएको ।
- श्री राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज, काठमाण्डौमा मिति २०८१/०४/२१ गतेदेखि संचालित भईरहेको ३६० कार्यदिन अवधिको आवासीय " प्रहरी निरीक्षक आधारभुत तालिम१-१८३ औं समूह" (PGDPS 14 th Batch) मा सहभागी नव-नियुक्त ९२ जना प्रशिक्षार्थीहरुलाई मिति २०८२/०७/१३ गते यस प्रयोगशालामा अवलोकन भ्रमण गराईएको र काठमाण्डौ उपत्यका प्रहरी शिक्षालय, महाराजगंजमा मिति २०८१/१०/२७ गतेदेखि संचालन भईरहेको २६४ कार्यदिन अवधिको " प्रहरी जवान आधारभुत तालिम" ३-६ औं समूहमा तालिमरत १०५ जना प्रशिक्षार्थीहरुलाई मिति २०८२/०७/१२ गते यस प्रयोगशालामा अवलोकन भ्रमण गराईएको ।
- “नेपाल प्रहरी र प्रदेश प्रहरीको संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन प्रतिवेदन, २०७८” अनुसार कायम भएको मधेश, बागमति, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा विधि विज्ञान प्रयोगशाला शाखा कार्यालय स्थापना गर्ने योजना अनुरुप पोखरामा DNA/Biology/Serology प्रयोगशाला स्थापना गर्न मिति २०८१/११/१५ गते DNA संग सम्बन्धित केहि आंशिक उपकरण खरिद भई हाल गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखरा, कास्कीबाट उपलब्ध गराईएका २ वटा कोठामा भण्डारण गरी राखिएको उपकरणहरुको चेक/जाँच गर्न र विभागीय नीति अनुरूप गण्डकी प्रदेशमा विधि विज्ञान प्रयोगशाला संचालनका लागि उपयुक्त स्थान, आवश्यक पर्ने भौतिक पूर्वाधार, रसायन र उपकरण समेतको बारेमा प्रतिवेदन पेश गर्न प्र.ना.उ. मोहन सिंह धामी र प्र.ना.उ. रविन भण्डारीलाई गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा, कास्कीमा खटाई पठाईएको ।
- तालुक नेपाल प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, नक्सालको च.नं. ३९९ मिति २०८२/०६/३१ गतेको पत्रादेशानुसार मिति २०८२ भदौ २३ र २४ गते भएको घटनाको अनुसन्धानको क्रममा यस प्रयोगशालाबाट ४ जना विशेषज्ञहरुद्वारा प्राप्त भौतिक सबुदहरुको परीक्षण कार्यमा संलग्न भईरहेको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८२ साल कात्तिक महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्यामा संलग्न रहेको अभियोगमा पक्राउ

***कास्की, ८ कात्तिक***

पोखरा महानगरपालिका-५ बस्ने ४५ वर्षीय अनिल पराजुलीको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा पोखरा महानगरपालिका-१८ सराङकोट घर भई सोही महानगरपालिका-५ मालेपाटन बस्ने २४ वर्षीय किशोर तिमिल्सिनालाई प्रहरीले पक्राउ गरेको छ । पोखरा महानगरपालिका-५ चिल्डेल पार्क नजिकै अनिल अचेत अवस्थामा रहेको भन्ने सूचना प्राप्त हुनासाथ तत्काल वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले अनिललाई उपचारको लागि पश्चिम क्षेत्रीय अस्पताल पोखरा पठाएकोमा उनको उपचारको क्रममा मृत्यु भएको थियो । घटनाको अनुसन्धानको क्रममा किशोर तिमिल्सिना र अनिल बिच सामान्य बादबिबाद हुँदा चक्कु प्रहार भएको भन्ने खुल्न आए पश्चात तिमिल्सिनालाई घटनामा प्रयोग भएको १ थान चक्कु सहित प्रहरीले पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### हत्या गरेको अभियोगमा पक्राउ

***पाँचथर १० ,कात्तिक***

आफ्नै छोरा १७ वर्षीय सफल लिम्बुको हत्या गरेको अभियोगमा मिक्लाजुङ गाउँपालिका-८ भदौरे बस्ने ५२ वर्षीय बखत सिंह लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ । आफ्नै घर नजिकै बारीमा निज बखतले भरूवा बन्दुकले प्रहार गर्दा सफलको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट दुर्दिम्बाबाट खटिएको प्रहरीले उनलाई भरूवा बन्दुक सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ज्यान मार्ने उद्योग मुद्दामा संलग्न व्यक्ति पक्राउ

***मोरङ, १५ कात्तिक***

ज्यान मार्ने उद्योग मुद्दामा संलग्न रही फरार रहेका जहदा गाउँपालिका-१ बस्ने ३० वर्षीय सुनिल सरवरीयालाई प्रहरीले पक्राउ गरेको छ । जहदा गाउँपालिका-१ राजवंशी चोक बस्ने ३८ वर्षीय मुकेश कुमार साह र उनकै श्रीमतीलाई कात्तिक १० गते सुनिल समेतका व्यक्तिहरूले ज्यान मार्ने उद्योग गरेको घटनामा जिल्ला अदालत मोरङबाट पक्राउ पूर्जी जारी भई फरार रहेका उनीहरू मध्ये सुनिललाई इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । प्रहरीले घटनामा संलग्न अन्य फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### नाबालिकाको चरित्र हत्या गर्ने व्यक्ति पक्राउ

काठमाडौं, १९ कात्तिक

सामाजिक सञ्जालमा नाबालिकाको चरित्र हत्या गरेको अभियोगमा सिराहा कल्याणपुर नगरपालिका-११ घर भएका २२ वर्षीय जिवन कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ । म्यासेन्जरमा कुराकानी गर्ने क्रममा पीडितलाई ललाई फकाई प्रलोभनमा पारी संवेदनशील अंगहरू देखाउन लगाई स्क्रिनसट गरेको अश्लिल तस्विर/भिडियो फेक फेसबुक एकाउन्ट बनाई अपलोड गरी दुख/हैरानी दिई चरित्र हत्या गरेको भन्ने पीडितको उजुरीको आधारमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई सिराहाबाट पक्राउ गरेको हो । उनी उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### हत्या गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २४ कात्तिक***

आफ्नै बुबा ७८ वर्षीय आमकी लामाको हत्या गरेको अभियोगमा काठमाडौं महानगरपालिका-१५ किमडोल बस्ने गोरखा चुमनुब्री गाउँपालिका-६ घर भएका ३६ वर्षीय रोशन गुरूङ भन्ने पेम्बा लामालाई प्रहरीले पक्राउ गरेको छ । पेम्बाले कुटपिट गर्दा आमकी गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । कुटपिटबाट गम्भीर घाइते भएका आमकीको मनमोहन अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### हत्या गरेको अभियोगमा पक्राउ

***पर्वत कात्तिक २५ ,***

आफ्नै श्रीमती ५२ वर्षीया सिता विकको हत्या गरेको अभियोगमा मोदी गाउँपालिका-६ दराक बस्ने ५१ वर्षीय जित बहादुर विकलाई प्रहरीले पक्राउ गरेको छ । जित बहादुरले कुटपिट गर्दा सिता गम्भीर घाइते भएको भन्ने खबर प्रात हुनासाथ प्रहरी चौकी देउपुर डिमुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । कुटपिटबाट गम्भीर घाइते भएकी सिताको प्रदेश अस्पताल कुश्मामा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

## विभिन्न धनमाल चोरी

***बर्दिया ,९ कात्तिक***

बाँसगढी नगरपालिका-७ बड्कीदेउडाकला बस्ने ४० वर्षीय राम मिलन थारूको घरबाट सुन तथा चाँदीका विभिन्न गरगहना गरी करिब ४ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## चोरी तथा लुटपाटमा संलग्न रहेको अभियोगमा चार जना पक्राउ

***भक्तपुर, १५ कात्तिक***

चोरी तथा लुटपाटमा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भक्तपुर कमलविनायक बस्ने काभ्रेपलान्चोक धुलिखेल नगरपालिका-३ घर भएका २७ वर्षीय बिक्रम थापा, काभ्रेपलान्चोक रोशी गाउँपालिका-१ घर भएका ३० वर्षीय राम बहादुर तामाङ, रोल्पा परिवर्तन गाउँपालिका-४ घर भएका ४३ वर्षीय लोकेन्द्र पुन र उदयपुर बेलटार घर भएका ४० वर्षीय राजु राई रहेका छन्। मध्यपुर ठिमी नगरपालिका-९ निकोसेरा ढुङ्गेधारा बस्ने ७६ वर्षीय पुरूषको घरको झ्यालबाट अपरिचित व्यक्तिहरू प्रवेश गरी पीडितलाई दाउराको चिरपटले प्रहार गरी घाइते बनाएको घटनाको अनुसन्धानको क्रममा प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## युके पठाइदिन्छु भन्दै ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं १७ ,कात्तिक***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी युके पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा भक्तपुर मध्यपुर थिमि नगरपालिका-१ बस्ने धनुषा जनकनन्दिनी गाउँपालिका-३ घर भएका ३१ वर्षीय राहुल पुन्जलाई प्रहरीले पक्राउ गरेको छ। राहुलले युके पठाइदिन्छु भन्दै १ जना पीडितबाट ४२ लाख रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-११ बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## युके र अष्ट्रेलिया पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, २९ कात्तिक***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी युके र अष्ट्रेलिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ललितपुर, ललितपुर महानगरपालिका-४ बस्ने बारा जीतपुरसिमरा उपमहानगरपालिका-५ घर भएका ३१ वर्षीय मनोहर चौधरी र काठमाडौं महानगरपालिका-१३ बस्ने प्युठान गौमुखी गाउँपालिका-४ घर भएका २२ वर्षीय मेघराज सुनार रहेका छन्। पक्राउ मध्ये मनोहरले युके पठाइदिन्छु भन्दै १ जना पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले मनोहरलाई काठमाडौं महानगरपालिका-१० बाट र मेघराजलाई काठमाडौं महानगरपालिका-२९ बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## अनलाइन ठगीमा संलग्न तीन जना पक्राउ

***पर्सा, २९ कात्तिक***

अनलाइन ठगीमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा वीरगंज महानगरपालिका-२९ मुसैली बस्ने ३५ वर्षीय कृष्णा प्रसाद साह, १४ वर्षीय बालक र बारा बिश्रामपुर गाउँपालिका-१ बस्ने २१ वर्षीय राहुल मण्डल रहेका छन्।

वीरगंज महानगरपालिका-८ बाट सर्वसाधारणहरूलाई विभिन्न प्रलोभन तथा झुक्यानमा पारी विभिन्न बैंकहरूको Money Mole Account खोलाई उक्त खाताहरूमा सामाजिक सञ्जाल मार्फत Fishing, OTP Fraud, Job Scam तथा Fake Online Business Scam र एआईबाट विभिन्न कम्पनीको आवश्यक पर्ने कागजातहरू बनाई सामानहरूको अडर बिल बनाएर ठगी गर्ने कार्यमा संलग्न उनीहरूलाई जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले एटिएम कार्ड ४३ थान सहित पक्राउ गरेको हो। साथै उनीहरूले विभिन्न व्यक्तिहरूको बैंक खाता र डिजिटल वालेटहरू प्रयोग गरी करिब १० करोड भन्दा बढी अवैध कारोबार गरेको अनुसन्धानको क्रममा खुल्न आएको छ। उनीहरू उपर बैंकिङ कसूर मुद्दामा जिल्ला अदालत पर्साबाट ३ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## विभिन्न धनमाल चोरी

*काठमाडौं, २० कात्तिक*

काठमाडौं, चन्द्रागिरी नगरपालिका-१५ तिनथाना बस्ने यादब प्रसाद पन्थीको घरबाट सुन तथा चाँदीका विभिन्न गरगहना समेत गरी करिब २६ लाख ६२ हजार ६ सय रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। यसैगरी काठमाडौं, कीर्तिपुर नगरपालिका-१ चाँदनीचोक डेरा गरी बस्ने रामेछाप दोरम्बा सैलुङ गाउँपालिका-७ घर भएका बिकाश श्रेष्ठको कोठाबाट नगद तथा सुनका विभिन्न गरगहना समेत गरी करिब ७ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ।

ललितपुर, महालक्ष्मी नगरपालिका-१ इमाडोल सक्षम टोल बस्ने गजेन्द्र प्रधानको घरबाट नगद, सुन तथा चाँदीका विभिन्न गरगहना समेत गरी करिब १८ लाख ३८ हजार ८ सय रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

# यौनजन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ७ कात्तिक***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा टोखा नगरपालिका-१ सिमाचौर डेरा गरी बस्ने भारत मोतिहारी घर भएका २० वर्षीय राहुल कुमार ठाकुरलाई प्रहरीले पक्राउ गरेको छ। ठाकुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी प्रभाग टोखाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***भक्तपुर, १८ कात्तिक***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सिन्धुली गोलन्जोर गाउँपालिका-२ घर भएका २१ वर्षीय सन्तोष भुजेललाई प्रहरीले पक्राउ गरेको छ । सन्तोषले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त ठिमिबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***सुर्खेत २० ,कात्तिक***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा वीरेन्द्रनगर नगरपालिका-६ बस्ने जुम्ला तिला गाउँपालिका-९ घर भएका ४० वर्षीय हंस बहादुर बोहोरालाई प्रहरीले पक्राउ गरेको छ। हंस बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***डोटी, २३ कात्तिक***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दिपायल सिलगढी नगरपालिका-१ ढार्चुम्मा बस्ने ५२ वर्षीय ओम प्रकाश चन्दलाई प्रहरीले पक्राउ गरेको छ। प्रकाशले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय दिपायलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***कपिलवस्तु, २८ कात्तिक***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बुद्धभुमी नगरपालिका-७ बिशमपुरास्थित सरस्वती इटा उद्योगमा काम गर्ने भारत उत्तर प्रदेश देवरिया गिडा पोष्ट घर भएका २२ वर्षीय राकेश निसादलाई प्रहरीले पक्राउ गरेको छ। राकेशले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय गोरूसिंगेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, २५ कात्तिक*

बाँके, १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बैजनाथ गाउँपालिका-२ पहाडीपुर बस्ने २३ वर्षीय अमर सुनारलाई प्रहरीले पक्राउ गरेको छ। अमरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बनकटुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

*नवलपरासी पश्चिम,* २९ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा सरावल गाउँपालिका-२ पटखौली बस्ने ३२ वर्षीय मान सिँह चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। चौधरीले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बेलाटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# लागु औषध सम्बन्धी

### करिब १ सय २८ किलो गाँजा सहित तीन जना पक्राउ

***काठमाडौं ,५ कात्तिक***

**सुनसरी,** कोशी गाउँपालिका-५ बाट अवैध लागूऔषध गाँजा करिब १ सय २३ किलो १५ ग्राम सहित भारत सुपौल तिरगंज ग्राम बस्ने २० वर्षीय मोहमद ईम्तियाज मियालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी श्रीपुरजब्दीबाट खटिएको प्रहरीले प्र.१-०२-००३ ह ८७०५ नम्बरको सिटि रिक्सालाई जाँच गर्ने क्रममा ४ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी सिटिमा सवार मियालाई पक्राउ गरेको हो। हाल फरार सिटि चालकको प्रहरीले खोजी गरिरहेको छ।

**सर्लाही**, कौडेना गाउँपालिका-२ फूलपरासीबाट अवैध लागूऔषध गाँजा करिब ५ किलो ३ सय ग्राम सहित सोही गाउँपालिका-१ सुन्दरपुर बस्ने ३० वर्षीय लोजा बैठा समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले सुखचैनाबाट फूलपरासीतर्फ जाँदै गरेको बीआर ०७ एजी ८१०२ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजा सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### एक सय ३४ किलोग्राम गाँजा बरामद

***उदयपुर, १६ कात्तिक***

बेलका नगरपालिका-८ कोठु दोभानस्थित सप्तकोशी नदी किनारबाट अवैध लागूऔषध गाँजा करिब १ सय ३४ किलोग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको प्रहरीले २ वटा रबरको ट्युबमा प्लाष्टिक भित्र पोका पारी राखिएको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २ सय ५७ किलो गाँजा बरामद

***सुनसरी ,२२ कात्तिक***

बर्जु गाउँपालिका-५ गोचाकामत टोलबाट अवैध लागूऔषध गाँजा करिब २ सय ५७ किलो ४५ ग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय दुहबी र इलाका प्रहरी कार्यालय सितागंजबाट खटिएको संयुक्त टोलीले बा.प्र.-०१-०२७ च ०२४० नम्बरको स्कार्पियोबाट उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार स्कार्पियो चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजा सहित श्रीलंकन नागरिक पक्राउ

***काठमाडौं, २३ कात्तिक***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन पार्किङ एरियाबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने वस्तु करिब २ किलोग्राम सहित श्रीलंकन नागरिक ३२ वर्षीया NIROGINI MURUGAN पक्राउ परेकी छिन्। थाई लायन एयरको उडानद्वारा बैंककबाट काठमाडौं आएकी उनलाई त्रिभवुन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र भन्सार कार्यालय समेतबाट खटिएको संयुक्त टोलीले जाँच गर्ने क्रममा उनको लगेजबाट उक्त परिमाणको लागूऔषध फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि लागूऔषध नियन्त्रण ब्यूरो पठाइएको छ।

## करिब २ सय ६८ किलो गाँजा बरामद

***सुनसरी ३० ,कात्तिक***

धरान उपमहानगरपालिका-१७ र २० को सिमानास्थित चुम्पुले खोलाको जंगलबाट अवैध लागूऔषध गाँजा करिब २ सय ६८ किलोग्राम प्रहरीले बरामद गरेको छ। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरीलाई देख्नासाथ अपरिचित व्यक्तिहरूले बोकी ल्याएको १० वटा बोरा फाली फरार भएपश्चात बोरा तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## स्रोत नखुलेको नगद सहित पक्राउ

***सप्तरी १७ ,कात्तिक***

सुरूङगा नगरपालिका-२ स्थित सडकबाट स्रोत नखुलेको नगद २३ लाख रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा झापा दमक नगरपालिका-५ बस्ने २८ वर्षीय किरण सिटौला र १९ वर्षीय धिरज प्रसाँई रहेका छन्। इलाका प्रहरी कार्यालय भेडियाबाट खटिएको प्रहरीले कदमाहाबाट गाईघाटतर्फ जाँदै गरेको बा.प्रदेश ०१-०२८ च ५००८ नम्बरको पिकअप गाडी जाँच गर्ने क्रममा उक्त नगद फेला पारी चालक किरण र गाडीमा सवार धिरजलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## संरक्षित वन्यजन्तु भालुको पित्त जस्तो देखिने आखेटोपहार सहित दुई जना पक्राउ

***काठमाडौं, ११ कात्तिक***

गोकर्णेश्वर नगरपालिका-१ रूप्सेटारबाट करिब ५ सय ६८ ग्राम तौल बराबरको संरक्षित वन्यजन्तु भालुको पित्त जस्तो देखिने आखेटोपहार २ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कालिकोट खाँडाचक्र नगरपालिका-६ घर भएका २५ वर्षीय रमेश बहादुर शाही र २८ वर्षीय कृष्ण बहादुर शाही रहेका छन्। केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त आखेटोपहार सहित पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि डिभिजन वन कार्यालय हात्तीसार काठमाडौं पठाइएको छ।

## स्रोत नखुलेको रकम सहित दुई जना पक्राउ

***कैलाली, १७ कात्तिक***

धनगढी उपमहानगरपालिका-३ मिलनचोकबाट स्रोत नखुलेको नगद २८ लाख ३ सय ५० रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत लखिमपुर खिरी पलिया बस्ने २७ वर्षीय हरचित गुप्ता र २९ वर्षीय सागर गुप्ता रहेका छन्। जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले यूपि ३१ सिएन ११७५ नम्बरको कार जाँच गर्ने क्रममा उक्त नगद फेला पारी चालक हरचित र कारमा सवार सागरलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल सहित दुई जना पक्राउ

***काठमाडौं ,१३ कात्तिक***

काठमाडौं महानगरपालिका-१८ ढल्कुबाट पेस्तोल १ थान, म्याग्जिन १ थान र गोली १२ राउण्ड सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१७ नयाँबजार बस्ने नुवाकोट लिखु गाउँपालिका-६ घर भएका २३ वर्षीय समिर श्रेष्ठ र सोही महानगरपालिका-१६ क्षेत्रपाटी बस्ने काभ्रेपलाञ्चोक पनौती नगरपालिका-१० खोपासी घर भएका २३ वर्षीय एलेक्स नेपाली रहेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पेस्तोल सहित पक्राउ गरेको हो। उनीहरूलाई हातहतियार तथा खरखजना सम्बन्धी कसूर मुद्दामा आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## विभिन्न हतियार सहित एक जना पक्राउ

***काठमाडौं २० ,कात्तिक***

तारकेश्वर नगरपालिका११- मनमैजु लोकतान्त्रिक चोक डेरा गरी बस्ने कैलाली टीकापुर नगरपालिका-१ घर भएका २३ वर्षीय शिवराज धमलालाई विभिन्न हतियार सहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा उक्त स्थानमा खटिएको प्रहरीले शिवराजको कोठा तलासी गर्दा ईन्सास राईफल १ थान, सर्टगन १ थान, ठुलो चाईनिज पेस्तोल १ थान ,एसएलआर राईफलको ब्ल्याङ्क राउण्ड २ सय ५ था, ईन्सास राईफलको म्याग्जिन १६ थान र ठुलो चाईनिज पेस्तोलको म्याग्जिन २ थान फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८२।०७।०४ गते अं. १३:०० बजेको समयमा ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २१ खोकना स्थित प्रतिवादी बेद मुनीले आफु बस्ने कोठामा लगी जिल्ला झापा, विर्तामोड न.पा. वडा नं. ५ घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ४, महाराजगञ्ज बस्ने पीडित वर्ष ४३ की परिवर्तित नाम जावलाखेल ११ लाई जबरजस्ती करणी गरेको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा प्रतिवादी बेद मुनिलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित ललितपुर जिल्ला अदालतको मिति २०८२।०७।३० गतेको आदेशले प्रतिवादीलाई पूर्पक्षको लागि कारागार चलान भएको छ।

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८२।०७।०१ गते अं. १८:३० बजेको समयमा जिल्ला धनुषा बटेश्वर गाउँपालिका वडा नं. १ घर भई हाल जिल्ला सिन्धुली कमलामाई नगरपालिका वडा नं. ६ बस्ने म जहेरवालाको बुवा वर्ष ५५ को बुद्ध सिं वाईबालाई निजकै श्रीमती म जाहेरवालाको आमा वर्ष ४८ की राधिका वाईबाले घरायसी विवादका कारण कुटपिट गर्दा टाउकोमा चोट लागेको हुँदा तत्काल सिन्धुली अस्पतालमा लगी उपचार गराउँदा न्यूरो अस्पताल बासँबारी रेफर भई उपचार गराईएकोमा थप उपचार नहुने भनि न्यूरो अस्पताल बासँबारीले भनेकोमा जिल्ला सिराह कर्जान्हा न.पा.वडा नं.०५ बस्ने गोपल बहादुर थिङ लामा को घरमा मिति २०८२।०७।०४ गते राति ३:४५ बजेको समयमा बुवाको मृत्यु भएकोले कानून बमोजिम कारवाही होस भन्ने ब्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा प्रतिवादी राधिका वाईबालाई पक्राउ गरी अनुसन्धान पश्चात मिति २०८२।०७।२६ गते सिन्धुली जिल्ला अदालतको च.नं. ११५१ को पत्र आदेशानुसार निज प्रतिवादी राधिका वाईबालाई पूर्पक्षको लागि कारागार पठाईएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८२।०७।०४ गते बिहान ०८:३० बजेको समयमा जिल्ला इलाम, इलाम न.पा वडा नं.८ स्थित ऐ.ऐ. बस्ने बर्ष ५० की शान्ता तामाङको घरआगनमा निजको छोरी परिवर्तित नाम इलाम ण (२०८२/०८३) बर्ष २२ की निशा निरौलालाई ऐ.ऐ.बस्ने बर्ष ५२ को टेकनाथ कार्कीले एक्लै भएको मौका पारी जबरजस्ती करणी गरेको हुँदा प्रतिवादीलाई कानून बमोजिमको कारवाही गरी पाउ भन्ने व्यहोराको मिति २०८२।०७।०४ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित इलाम जिल्ला अदालतको मिति २०८२।०७।२० गतेको आदेशले निज प्रतिवादी टेक नाथ कार्कीलाई पूर्पक्षको लागि कारागार पठाईएको।

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८२।०८। १३ गते जिल्ला रुकुम पश्चिम भाग बाफिकोट गा.पा.वडा नम्वर २ लामाचौर बस्ने याम बहादुर नाथको छोरा बर्ष १२ को डिल्ली नाथको कसैलाई जानकारी नगराई घरबाट साईकल लिएर गएको र साँझ अबेर सम्म घरमा फर्की नआए पश्चचात आफन्त, स्थानीय र प्रहरीले खोजतलास गर्दै जाँदा ऐ. १४ गते घरबाट अन्दाजी १ कि.मी. पूर्व तर्फ सडक बाटो बाट अं.२०० मिटर तल भुते खोलामा टाउको समेतमा चोट लागि रगताम्य भई घोप्टो परि मृत अवस्थामा फेला परेको घटनामा थप अनुसन्धान गर्दै जाँदा ऐ.ऐ.बस्ने बर्ष १९ को नविन नाथ र ऐ. वडा नं. १० ठाटी घर भई ऐ. वडा नं. २ लामाचौर बस्ने बर्ष १२ को भरत खड्का क्षेत्रीलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा मृतक र उनि हरु सहित ३ जना बेलौती खाने भनि सो भुतेखोलामा गएको समयमा केही दिन अगाडी गाउँकै पसलबाट सामान चोरी भएको बिषयलाई लिएर नबिन नाथ, मृतक डिल्ली नाथको बिवाद हुँदा निज नबिन नाथले चक्कुले घाँटीमा प्रहार गरेको र भरत खड्का क्षेत्री र नबिन नाथले ढुङगाले हानी कर्तव्य गरी मारी तल खोलामा फालेको भन्ने खुल्न बुझिन आएको भन्ने जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादी नबिन नाथ र कानूनको विवादमा परेको बर्ष १२ को नाबालकलाई पक्राउ गरी अनुसन्धान पश्चात सम्मानित अदालतको आदेशले प्रतिवादी नबिन नाथ पूर्पक्षको लागि कारागार चलान भएको र कानूनको विवादमा परेको बर्ष १२ को नाबालकलाई अभिभावकको जिम्मा लगाई छाडिएको।

## मुद्दा शीर्षक – विद्युतिय अपराध

मिति २०८२।०६।२९ गते सम्माननिय प्रधानमन्त्री सुशिला कार्की ज्यूको सामाजिक सञ्जाल PM Sushila Karki प्रोफाईल नाम रहेको https://www.facebook.com/profile.php?id=61580616336682 Link भएको Fake Facebook ID Create गरी सो आई.डी.बाट बालिकाको फोटो राखि आर्थिक सहयोगको लागि भनि जिल्ला कञ्चनपुर वेदकोट नगरपालिका वडा न.०५ बस्ने दिपेन्द्र प्रशाद अवस्थीको ९७०३३४७६३५ नम्बरको ई-सेवा खाताको QR पठाउने गरेको भन्ने तालुक नेपाल प्रहरी प्रधान कार्यालय साईबर ब्यूरो भोटाहिटी काठमाडौबाट प्राप्त भएको मौखिक जानकारी अनुसार निज दिपेन्द्र प्रसाद अवस्थीलाई जिल्ला प्रहरी कार्यालयमा कञ्चनपुरमा बोलाई सो सम्बन्धमा सोछपुछ गरी निजको साथमा रहेको benco company को Imei 1.860119061651532, IMei 2.860119061651540 ,serial number AE9220623G4000024 ,AE9220 मोडेल भएको ९७०३३४७६३५ NCELL Sim Card रहेको android Version benco V70 मोबाईल चेक जाँच गर्ने क्रममा उक्त मोबाईलमा https://www.facebook.com/profile.php?id=61580616336682 Link भएको PM Sushila Karki नाम भएको सम्माननिय प्रधानमन्त्री सुशिला कार्की ज्यूको फोटो समेत राखी फेसबुक आईडी Log-in गरी राखेको अवस्थामा देखिन आएको हुँदा निजको साथमा रहेको उल्लेखित मोबाईल रित पूर्वक बरामद गरी निज दिपेन्द्र प्रसाद अवस्थीलाई तत्काल जरुरी पक्राउ पुर्जी दिई प्रहरी प्रतिवेदन/जाहेरीले यस कार्यालयको कसूर दर्ता किताबमा मुद्दा दर्ता नं.१४३ मिति २०८२।०७।०२ गते मुद्दा दर्ता गरी अनुसन्धान गर्ने क्रममा तालुक नेपाल प्रहरी प्रदेश कार्यालय दुरसंचार समन्वय शाखा महेन्द्र नगर लगायतका बैंक तथा बित्तिय संस्थाहरुसँग समन्वय गरी निज प्रतिवादीको मोबाईल नं., बिभिन्न आर्थिक कारोबार हुने खाता तथा फेसबुकको बिवरण माग गर्दा प्राप्त विवरणहरुबाट निजले नै कसूर गरेको पुष्टी हुन आएकोले मुलुकी अपराध संहिता २०७४ को परीच्छेद २१ को दफा २४९ को उपदफा १ र २ तथा बिद्युतीय ( ईलेक्ट्रोनिक ) कारोबार ऐन २०६३ को परिच्छेद ०९ को दफा ४७ को (१) बिपरीत अपराध कसूर गरेको हुँदा निज प्रतिवादी दिपेन्द्र प्रसाद अवस्थीलाई मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २१ को दफा २४९ को उपदफा ३(ग) बमोजिम र बिद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन २०६३ को परिच्छेद ०९ कोदफा ४७ को (१) बमोजिम, मुलुकी अपराध संहिता २०७४ को परीच्छेद ४ को दफा ४३ को उपदफा १ बमोजिम एकिकृत कसूर गरेको मिसिल साथ संलग्न कागजातहरुबाट देखिन आएको हुँदा निज प्रतिवादीलाई अनुसन्धान पश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०८२।०७।२४ गतेको आदेशले प्रतिवादीलाई पूर्पक्षको लागि कारागार कार्यालय कञ्चनपुरमा पठाईएको।

मासिक ई-बुलेटिन

## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौर

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी

**सम्पादक**

प्रहरी निरीक्षक राजन प्रसाद काफ्ले

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी वरिष्ठ हवल्दार कल्पना राई

## सम्पर्कको लागि :

**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**